# प्रेस विज्ञप्ति

सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री जगदीश खरेल र विश्व बैंकका तर्फबाट दक्षिण एशिया क्षेत्र अन्तर्गत माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि सञ्चालन व्यवस्थापक Ms. Preeti Arora बीच आज मिति २०८२ कार्तिक २४ गते सोमबारका दिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबारमा शिष्टाचार भेट सम्पन्न भयो। उक्त अवसरमा नेपाल तथा विश्व बैक बीचको सम्बन्ध तथा विश्व बैंकले नेपालको सामाजिक-आर्थिक विकासमा पुऱ्याइरहेको योगदानका विषयमा छलफल भयो।

उक्त छलफलमा सञ्चार तथा सूचना प्रविधि मन्त्री खरेलले विश्व बैंकको सहयोगमा सञ्चालित विकास आयोजनाहरु लगायत नेपालको सूचना प्रविधि क्षेत्रको विकासमा बैंकबाट प्राप्त सहयोगका सम्बन्धमा उल्लेख गर्दै नेपालको सूचना प्रविधिको क्षेत्रगत विकासमा महत्वपूर्ण रहेको डिजिटल नेपाल एक्सेलेरेशन (DNA) परियोजनामा उपलब्ध गराएको सहयोगका लागि आभार समेत व्यक्त गर्नुभयो। विश्व बैंकका सञ्चालन व्यवस्थापक Ms. Preeti Arora ले सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई बधाई तथा शुभकामना व्यक्त गर्नु हुँदै नेपालको सूचना प्रविधि क्षेत्रको प्रवर्द्धनका लागि सूचना प्रविधि पहुँच विस्तार, डेटा व्यवस्थापन, नेपालको डिजिटल रूपान्तरण, मिडिया साक्षरता र शासकीय सुधार लगायतका क्षेत्रमा आर्थिक एवम् प्राविधिक सहयोग तथा सहकार्य गर्न इच्छुक रहेको जानकारी गराउनु भयो। सो भेटघाटमा मन्त्रालय तथा विश्व बैकका पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो।

मिति २०८२ कार्तिक २४, सोमबार

CS Scanned with CamScanner